# सुनवर्षि नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## डाईनियाँ , मोरंग
## १ नं. प्रदेश, नेपाल

मिति : २०७५/०४/१५

### झुवरी देवी पोखरी ठेक्का बन्दोवस्त सम्बन्धी दरभाउपत्र आहवानको सुचना
(प्रथम पटक प्रकाशित मिति २०७५/०४/१५ गते ।)

यस सुनवर्षि नगरपालिका अन्तर्गत देहाय बमोजिम आ.व. २०७५/०७६, २०७६/०७७ र २०७७/०७८ (तिन वर्षको लागि) पोखरी, तालतलैयाको ठेक्का मार्फत कर उठाउन स्थानीय सरकार संचालन ऐन २०७४ र सुनवर्षि नगरकार्यपालिकाको मिति २०७५/०३/२८ गतेको निर्णय अनुसार ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले देहायको सर्तको अधिनमा रहने गरि इच्छुक नेपाली नागरिक वा कम्पनि, फर्महरुले तोकिएको अवधि भित्र रित पुर्वकको शिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विवरण | न्युनतम अंक (आ.व. २०७५/०७६, २०७६/०७७ र २०७७/०७८ (तिन वर्षको लागि)) | दरखास्त दस्तुर | प्रकार |
|---|---|---|---|---|
| १. | झुवरी देवी पोखरी सुनवर्षि-९ (हाल भएको माछा समेत) | ८,११,०००/००(तिन वर्षको लागि)<br><br>नोटः कवुल अंकको ४०% पहिलो वर्ष, ३५% दोश्रो वर्ष र २५% अन्तिम वर्ष भुक्तानी गर्नुपर्ने । | १०००/०० | दरभाउपत्र |

१. दरभाउपत्र यो सुचना प्रकाशित भएको मितिले १५ दिन को ५:०० बजे भित्र यस कार्यालयबाट खरिद गर्न सकिने छ।
२. उल्लेखित शिलबन्दी दरभाउ पत्र १६ औ दिन तथा विदा परे सोको भोलिपल्ट १२:०० बजे सम्म रित पुर्वक भरि दर्ता गर्न सकिने छ र सोहि दिनको २:०० बजे प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ।
३. शिलवन्दि दरभाउपत्रमा भागलिने ले न्युनतम अंकको ५ प्रतिशत रकम कृषि विकास बैंक विराटनगरमा रहेको यस न.पा. को खाता नं. ०६०१६०११५५९२९०१५ मा जम्मा गरेको सक्कलै बैंक भौचर शिलवन्दी दरभाउपत्र साथ पेश गर्नु पर्ने छ।
४. शिलबन्दी दरभाउ पत्र सकार गरेको मितिले ७ दिन भित्र समझौता गरि प्रथम किस्ता को रकम बुझाउनुपर्ने छ र दोश्रो, तेश्रो किस्ता को हकमा बैंक ग्यारेन्टि पेश गर्नु पर्नेछ । बैंक जमानतको म्याद २०७६ असार मसान्त सम्म हुनु पर्ने छ ।साथै अग्रिम रुपमा सम्पुर्ण रकम बुझाए वापत १० प्रतिशत सम्म छुट हुनेछ ।
५. उल्लेखित शर्त पुरा नगरेमा ठेक्का स्वीकृत भइसकेको भएता पनि ठेक्का वदर गर्न सकिनेछ र ठेक्का वदर गर्नु परेमा धरौटि रकम समेत जफत हुनेछ।
६. ठेक्का सम्झौता भएपछि वन्द हडताल जस्ता कारणले कर छुट वा मिनाहाको लागी ठेकेदार पक्षवाट दावी गर्न पाइने छैन ।
७. न.पा. ले समय समयमा दिएको निर्देशन पालना गर्नु पर्नेछ । साथै ठेक्का सम्बन्धी कुनै विवाद भएमा न.पा. को निर्णय अन्तिम हुनेछ।
८. दरभाउ पत्र फारममा अंक र अक्षर दुवैमा दरदरेट लेखनु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
९. यस न.पा. अन्तर्गत विगतमा बुझाउनु पर्ने कुनै पनि प्रकारको वक्यौता, पेश्की बेरुजु रहेको व्यक्ति वा परिवारको अन्य सदस्य ठेक्कामा सहभागी हुनपाउने छैन। तर दरभाउ पत्र खरिद गर्नु अघि उल्लेखित रकम दाखीला गरेमा ठेक्कामा सहभागी हुन वाधा पर्ने छैन।
१०. दरभाउ पत्र खरिद गर्न लिखित निवेदन तथा नेपालि नागरिकताको प्रमाणपत्र, फर्म वा कम्पनि को इजाजत पत्र र आ.रा.का. मा दर्ता भएको मु.अ. कर को समेत प्रमाणित प्रतिलिपि र २०७४/०७५ को कर चुक्ता प्रमाण पत्र वा आन्तरिक राजश्व कार्यालयबाट आय विवरण बुझाउने म्याद थप भएको प्रमाण पेश गर्नु पर्ने छ।
११. म्याद नाघि र रित नपुगि प्राप्त भएको दरभाउ पत्र उपर कुनै कारवाहि हुने छैन।
१२. उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछ। थप जानकारि को लागि यस कार्यालयमा सम्पर्क राख्न सकिन्छ।

रोहिणी आचार्य
लेखा अधिकृत

सुनवर्षि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाईनियाँ, मोरंग
१ नं. प्रदेश, नेपाल

मिति : २०७५/०४/१५

विभिन्न हाट बजार तथा कान्जी हाउस ठेक्का बन्दोवस्त सम्बन्धी दरभाउपत्र आहवानको सुचना
(प्रथम पटक प्रकाशित मिति २०७५/०४/१५ गते ।)

यस सुनवर्षि नगरपालिका अन्तर्गत देहाय बमोजिम आ.व. २०७५/०७६ असाढ मसान्त सम्मका लागी हाटबजार, तथा कान्जी हाउस कर समेत उठाउन स्थानीय सरकार संचालन ऐन २०७४ र सुनवर्षि नगरकार्यपालिकाको मिति २०७५/०३/२८ गतेको निर्णय अनुसार ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकाले देहायको सर्तहरुको अधिनमा रहने गरि इच्छुक नेपाली नागरिक वा कम्पनि, फर्महरुले तोकिएको अवधि भित्र रित पुर्वकको शिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विवरण | न्युनतम अंक | दरखास्त दस्तुर | प्रकार |
|---|---|---|---|---|
| १. | दहोमना हटिया सुनवर्षि-४ | १,५०,०००/०० | १०००/०० | दरभाउपत्र |
| २. | डाईनियाँ हटिया सुनवर्षि-९ | १,६१,०००/०० | १०००/०० | दरभाउपत्र |
| ३. | अमरदह बजार सुनवर्षि-२ | १८,०००/०० | १०००/०० | दरभाउपत्र |
| ४. | कांजी हाउस प्रत्येक वडाका ९ वटा | प्रत्येक कान्जी हाउसको ११,०००/०० | १०००/०० (प्रत्येक कान्जी हाउसको) | दरभाउपत्र |

१. शिलबन्दि दरभाउपत्र यो सुचना प्रकाशित भएको मितिले १५ दिन को ५:०० बजे भित्र यस कार्यालयवाट खरिद गर्न सकिने छ।
२. उल्लेखित शिलबन्दी दरभाउ पत्र १६ औ दिन तथा विदा परे सोको भोलिपल्ट १२:०० बजे सम्म रित पुर्वक भरि दर्ता गर्न सकिने छ र सोहि दिनको २:०० बजे प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ।
३. शिलवन्दि दरभाउपत्रमा भागलिने ले न्युनतम अंकको ५ प्रतिशत रकम कृषि विकास बैंक विराटनगरमा रहेको यस न.पा. को खाता नं. ०६०१६०११५५९२९०१५ मा जम्मा गरेको सक्कलै बैंक भौचर शिलवन्दी दरभाउपत्र साथ पेश गर्नु पर्ने छ।
४. शिलबन्दी दरभाउ पत्र सकार गरेको मितिले ७ दिन भित्र समझौता गरि प्रथम किस्ता को रकम बुझाउनुपर्ने छ र दोश्रो, तेश्रो किस्ता को हकमा वैंक ग्यारेन्टि पेश गर्नु पर्नेछ । वैंक जमानतको म्याद २०७६ असार मसान्त सम्म हुनु पर्ने छ ।साथै अग्रिम रुपमा सम्पुर्ण रकम बुझाए वापत १० प्रतिशत सम्म छुट हुनेछ ।
५.
६. उल्लेखित शर्त पुरा नगरेमा ठेक्का स्वीकृत भइसकेको भएता पनि ठेक्का वदर गर्न सकिनेछ र ठेक्का वदर गर्नु परेमा धरौटि रकम समेत जफत हुनेछ।
७. ठेक्का सम्झौता भएपछि बन्द हडताल जस्ता कारणले कर छुट वा मिनाहाको लागी ठेकेदार पक्षवाट दावी गर्न पाइने छैन ।
८. न.पा. ले समय समयमा दिएको निर्देशन पालना गर्नु पर्नेछ । साथै ठेक्का सम्बन्धी कुनै विवाद भएमा न.पा. को निर्णय अन्तिम हुनेछ।
९. करका दररेटहरु न.पा. ले तोके बमोजिम असुल उपर गर्नुपर्ने छ। अन्यथा वढी रकम असुल गरेको खण्डमा नियमअनुसार कार्वाहि हुनेछ।
१०. हटियामा लाग्ने सरसफाइ तथा कर्मचारि सम्बन्धी सम्पुर्ण खर्च तथा अन्य लाग्ने राजश्व तथा कर स्वंय ठेकदारले बेहोर्नु पर्नेछ।
११. दरभाउ पत्र फारममा अंक र अक्षर दुवैमा दरदरेट लेखनु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
१२. यस न.पा. अन्तर्गत विगतमा बुझाउनु पर्ने ठेक्का वक्यौता, पेश्की वेरुजु रहेको व्यक्ति वा परिवारको अन्य सदस्य ठेक्कामा सहभागी हुनपाउने छैन। तर दरभाउ पत्र खरिद गर्नु अघि उल्लेखित रकम दाखीला गरेमा ठेक्कामा सहभागी हुन बाधा पर्ने छैन।
१३. दरभाउ पत्र खरिद गर्न लिखित निवेदन तथा नेपालि नागरिकताको प्रमाणपत्र, फर्म वा कम्पनि को इजाजत पत्र र आ.रा.का. मा दर्ता भएको मु.अ. कर को समेत प्रमाणित प्रतिलिपि र २०७४/२०७५ को कर चुक्ता प्रमाण पत्र वा आन्तरिक राजश्व कार्यालयबाट आय विवरण बुझाउने म्याद थप भएको प्रमाण पेश गर्नु पर्ने छ।
१४. म्याद नाघि र रित नपुगि प्राप्त भएको दरभाउ पत्र उपर कुनै कारवाहि हुने छैन।
१५. कान्जी हाउसको हकमा प्रत्येक कान्जी हाउसको छुट्टाछुट्टै दरखास्त फारम खरिद गरि दर्ता गर्नु पर्ने ।
१६. उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछ। थप जानकारि को लागि यस कार्यालयमा सम्पर्क राख्न सकिन्छ।

रोहिणी आचार्य
लेखा अधिकृत